# महादेवा गाउँपालिकाको
# आ.व. २०८३/०८४को वार्षिक नीति तथा कार्यक्रमहरू

महादेवा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

बथनाहा, सप्तरी

**मधेश प्रदेश**

# महादेवा गाउँपालिकाको आ.व. २०८३/०८४को वार्षिक नीति तथा कार्यक्रमहरू

**आदरणीय सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरू , कर्मचारी वर्ग एवम् सरोकारवाला सम्पूर्ण महानुभावहरू,**

यस महादेवा गाउँपालिकाको आ.व. **२०८३/८४ को** वार्षिक नीति तथा कार्यक्रम पेस गर्ने अवसर पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु।यस गरिमामय सभामा उपस्थित हुनु भएका सम्पूर्णमा हार्दिक स्वागत गर्न चाहन्छु।मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता र वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु। मुलुकलाई यहाँसम्म ल्याउन योगदान पुऱ्याउनु हुने शहिद परिवार, घाइते योद्धा र अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु, साथै महादेवा गाउँपालिकाबासीको सेवामा तत्पर रहन हामीलाई निर्वाचित गरी यो सुवर्ण अवसर प्रदान गर्नुहुने सम्पूर्ण मतदाताहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

**यस गरिमामय सभाका सदस्यज्यूहरू,**
मुलुकमा संघीयता स्थापना र राज्य पुनर्संरचना पछि निर्वाचित जनप्रतिनिधिको दोस्रो कार्यकालको चौथो वर्ष व्यतित भइसकेको छ। यस अवधिमा सुशासन, दिगो विकासको प्रत्यक्ष प्रतिफल देखिने गरी काम भएको छ। भौतिक र सामाजिक विकास बीच सन्तुलन कायम गर्ने गरी विकास केन्द्रित गरिएको छ। यसलाई निरन्तरता दिन र अझ प्रभावकारी बनाउन जरूरी छ। यस महत्वपूर्ण उपलब्धिको लागि यसमा जोडिनुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

## आगामी आ.व. २०८३/८४ का प्राथमिकता प्राप्त प्रमुख नीति तथा कार्यक्रमहरू

## १. आर्थिक विकास सम्बन्धी नीति
## २. सामाजिक विकास सम्बन्धी नीति
## ३. पूर्वाधार विकास सम्बन्धी नीति
## ४. वन, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति
## ५. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति

# आर्थिक विकास क्षेत्रको नीति तथा कार्यक्रम

## कृषि सम्बन्धी नीति

१. प्रत्येक वडा वडामा व्यवस्थित कृषि उपज सङ्कलन केन्द्र सङ्कलनकर्ताको व्यवस्था गरिनेछ।

२. "स्वस्थ माटो स्वस्थ जीवन" भन्ने नाराका साथ माटो परीक्षणलाई थप प्रभावकारी ढङ्गले अगाडि बढाइनेछ।

३. प्राकृतिक प्रकोपबाट कृषि बाली र पशु चौपायामा हुने क्षतिको जोखिम न्यूनीकरण गरी युवाहरूको कृषि तथा पशुपलानमा आकर्षण बढाउन कृषि पशुपन्छी बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

४. जलवायु परिवर्तनका कारण खेती प्रणाली तथा पशुपन्छीको उत्पादनमा गर्ने सम्भावित जोखिम न्यूनीकरणका लागि उपयुक्त प्रविधि अवलम्बन गर्ने कार्यक्रम ल्याइनेछ।

५. स्थानीय तथा रैथाने बालीको संरक्षण एवं प्रवर्द्धन गरिनेछ।

६. परम्परागत कृषि पेशालाई व्यावसायिक रूपमा विकसित गर्न क्षमता अभिवृद्धिका लागि आधुनिक कृषी खेती तालिमको व्यवस्था गरिनेछ।

७. मकैको खेतीलाई प्रोत्साहन गर्न मकैको बीउमा ५०% प्रतिशत अनुदानको व्यवस्था गरिनेछ।

८. तरकारी खेतीलाई प्रोत्साहन तथा व्यावसायिक रूपमा विकसित गर्न तरकारीको बीउ वितरण गरी बजारीकरणमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

९. कृषकको मागमा आधारित कृषि पशुपन्छी सम्बन्धी नीति लिइनेछ।

१०. स्वच्छ र स्वस्थ कृषिजन्य उपज उपभोगका लागि रासायनिक विषादिको प्रयोगबारे सचेतना फैलाउने कार्यक्रम गरी रासायनिक मल विषादिको प्रयोगमा न्यूनीकरण गर्न प्राङ्गारिक मल बनाउने तालिम प्रदान गरी प्राङ्गारिक कृषिमा जोड दिइनेछ।

११. कृषकहरूलाई सिंचाईका लागि बोरिङ्गको व्यवस्था गरिने नीति अवलम्बन गरिनेछ।

१२. लक्षित वर्गका कृषकहरूका लागि फलफूल खेती प्रोत्साहनका लागि आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ।

१३. सम्पूर्ण वडाहरूमा कृषि भण्डार निर्माण सम्पन्न गरिनेछ।

१४. आगामी आर्थिक वर्षमा यस गाउँपालिका अन्तर्गत आधुनिक कृषि हाट बजार निर्माण कार्यको प्रारम्भ गरिनेछ।

## पशु सेवा सम्बन्धी नीति

१. पशुपन्छी तथा मत्स्यमा लाग्ने रोगहरूको लागि समय सापेक्ष र अनुकूलताका आधारमा औषधी उपचारको कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै नेपालमा उपलब्ध हुने सम्पूर्ण

पशुपन्छी खोपहरू निःशुल्क रूपमा प्रयोग गरी कृषकको पशुपालन व्यवसायमा हुने क्षतिलाई न्यूनीकरण गर्ने नीति लिइनेछ।

२. दुग्ध उत्पादनको लागत घटाउन हरियो घाँसमा आधारित दूध उत्पादन गर्ने किसिमका कार्यक्रमलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

३. रोग निदानका लागि पशुहरूमा प्रयोगशाला परीक्षण मार्फत् उपचार पद्धतिको सुरुवात गर्ने नीति अवलम्बन गरिनेछ।

४. कृषकहरूका लागि पशु स्वास्थ्य शिविर सञ्चालन तथा निःशुल्क घाँसको बीउ वितरण कार्यलाई निरन्तरता दिइनेछ।

## पर्यटन प्रवर्द्धन सम्बन्धी नीति

१. पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका क्षेत्रभित्रका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको पहिचान, विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलम्बन गरिनेछ।

२. अंकुरी बाबा महादेव मन्दिर जस्ता धर्मिक तथा ऐतिहासिक महत्व बोकेका स्थानहरूको प्रचारप्रसार र विकासमा जोड दिइनेछ।

## उद्योग तथा वाणिज्य सम्बन्धी नीति

१. पालिका क्षेत्रमा सञ्चालित घरेलु तथा साना सीपमूलक उद्योग तथा व्यवसायहरूलाई प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरणका लागि अनुदानको व्यवस्था गरिनेछ।

२. नव उद्यमी सिर्जनका लागि आवश्यक कार्यहरू सञ्चालन गरिनेछ।

## सहकारी सम्बन्धी नीति

१. सहकारी संस्थाहरूमा संस्थागत सुशासन प्रवर्द्धन गर्नका लागि निक्षेपकर्ताहरूको बचत संरक्षणका लागि प्रभावकारी नियमन र अनुगमन गर्न सहकारी शाखाको नियामकीय क्षमता अभिवृद्धि गर्न तालिमका अवसरहरू प्रदान गरिनेछ।

२. गाउँपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेका सहकारीहरूको वित्तीय कारोबार लगायतका विवरणहरूको विद्युतीय अभिलेख अद्यावधिक राखिने र कोपोमिसमा आवद्ध हुन बाँकी रहेका सहकारी संस्थाहरूलाई आवद्धताका लागि अनिवार्य गराइनेछ।

३. सहकारी संस्थाहरू मार्फत् स्थानीय स्तरमा सदस्य शिक्षा तथा वित्तीय साक्षरता फैलाउने हेतुले सहकारी संस्थाहरूको संस्थागत विकासका लागि आवश्यक तालिम कार्यक्रमहरूको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४. प्रचलित ऐन, कानून तथा विनियमको परिपालना नगर्ने सहकारी संस्थाहरूलाई नियमानुसार जरिवाना गर्ने र उत्कृष्ट कार्य गरेका वा नमुना सहकारी संस्था छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

५. युवाहरूलाई उनीहरूको सीप, ज्ञान तथा क्षमताको उपयोग हुने गरी उद्यम तथा स्वरोजगारीका लागि सहुलियत दरमा सहकारीमार्फत् ऋण उपलब्ध गराउन विशेष पहल गरिनेछ।

६. पालिकामा सूचीकृत सहकारी संस्थाहरूबाट ऋण लिएर समयमा नतिर्ने ऋणीहरूलाई नियमानुसार कारवाहीको दायरामा ल्याउन विशेष पहल गरिनेछ।

७. पालिका क्षेत्रभित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरूको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित गर्दै लाने नीति लिइनेछ।

८. सहकारी संस्थाहरूको सहकार्यबाट उत्पादनशील क्रियाकलापहरूमा नागरिकहरूलाई सहभागी गराई रोजगार तथा स्वरोजगारको सृजना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने नीति लिइनेछ।

## रोजगारी सम्बन्धी नीति

१. आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

२. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत् सञ्चालन हुने आयोजनाहरूलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्थापन गर्न बजेटको व्यवस्था गरिनेछ।

३. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

४. रोजगारीलाई सम्भव भएसम्म उत्पादनसगँ जोड्ने र नागरिकको आयआर्जनमा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

५. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूले आर्जन गरेको सीप, पुँजी र अनुभवलाई सदुपयोग गर्दै स्वरोजगार, उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धन मार्फत् बेरोजगारी न्यूनीकरण गरिनेछ।

६. स्थानीय माग र आपूर्तिको विश्लेषण गरी विभिन्न तालिम तथा गोष्ठीहरू सञ्चालन गरिनेछ।

७. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक एकीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८. बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी रोजगार व्यवस्थापन प्रणाली (EMIS) लाई अद्यावधिक र व्यवस्थित गरिनेछ। स्थानीय स्तरमा रहेका रोजगारदाता र श्रमिक बीचको सम्बन्ध विस्तार गर्न सहजीकरण गरिनेछ।

## लघु उद्यम सम्बन्धी नीति

१. उद्यम विकासका लागि सामाजिक परिचालन अन्तर्गत स्रोत सम्भाव्यता अध्ययन, अभिमुखीकरण सहभागितात्मक ग्रामीण लेखाजोखा समूह जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

२. उद्यमीलाई व्यवसाय सम्बन्धी जानकारी दिनको लागि उद्यमशिलता तालिम दिइनेछ।

३. सहभागीहरूको चाहना बमोजिम स्थानीय स्रोत साधनमा आधारित प्राविधिक सीपमूलक तालिम प्रदान गरिनेछ। व्यवसाय गरिरहेका उद्यमीहरूलाई स्तरोन्नति तालिम प्रदान गरिनेछ।

४. एकल महिला स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

५. व्यवसायको प्रकृति अनुसार आवश्यक प्रविधि वा मेसिनहरू समूहमा उपलब्ध गराइनेछ।

६. सीप भएका तर लगानी अभावका कारण समस्यामा परेका सीपयुक्त जनशक्तिलाई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

# २. सामाजिक विकास सम्बन्धी नीति

## स्वास्थ्य सेवा सम्बन्धी नीति

१. यस गाउँपालिकाअन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूको भौतिक पक्षको सुधार गर्दै पर्याप्त औषधीहरूको सुनिश्चितता गरिनेछ।

२. अति विपन्न, दलित र अल्पसङ्ख्यक समुदाय र बेसाहारा बिरामीको उपचार खर्च अभाव भई स्वास्थ्य सेवाबाट वञ्चित हुनु नपरोस् भन्नका लागि व्यवस्था गरिएको उपचार खर्च सहायतालाई निरन्तरता दिइनेछ।

३. स्वास्थ्य संस्थाहरूमा अक्सिजन सिलिन्डर उपलब्ध गराई अक्सिजन लिनुपर्ने विपन्न बिरामीहरूको लागि प्रयोग गर्न उपलब्ध गराउने व्यवस्था गरिनेछ।

४. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरू लक्षित स्वास्थ्य परीक्षण कार्यक्रम तथा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५. कुष्ठरोग निवारणका लागि समुदाय स्तरमा खोजपड्ताल अभियान सञ्चालन गरी रोगी व्यक्तिको पहिचान तथा उपचारको व्यवस्था मिलाउनुका साथै समुदायमा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. महिला स्वास्थ्य सेवा प्रवर्द्धन अन्तर्गत महिलाहरूमा हुने आङ खस्ने समस्या, पाठेघरको मुख तथा स्तन क्यान्सरसम्बन्धी स्क्रिनिङ शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ।

७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको निःशुल्क स्वास्थ्य बीमा गर्ने नीति तथा अवकाश प्राप्त गर्ने स्वयंसेविकाहरूलाई 'दीर्घ सेवा' सम्मान प्रदान गरिने नीति लिइनेछ।

८. महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरूलाई खोप कार्यक्रम, घरभेट कार्यक्रम र आमा समूहमा छलफल साथै मासिक बैठकमा सहभागी भई समुदायको समग्र स्वास्थ्य अवस्था माथि पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरे बापत प्रोत्साहन स्वरूप मासिक रूपमा दिइँदै आएको यातायात खर्चलाई निरन्तरता दिई थप निर्वाह/प्रोत्साह भत्ताको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

९. मातृ तथा नवशिशु कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ।

१०. समुदाय स्तरमा स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरूको परिचालन गरी बालबालिकाहरूको पोषण अवस्थाको लेखाजोखा गरी कुपोषित बालबालिका पत्ता लगाई उपचारको दायरामा ल्याउने व्यवस्था मिलाइनेछ।

११. २ वर्षमुनिका सबै बालबालिकालाई बालभिटा उपलब्ध गराउने नीति लिइनेछ।

१२. पूर्ण खोप सुनिश्चितताका लागि सबै वडामा नियमित खोप कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यकताअनुसार खोप केन्द्रको विस्तार तथा स्थानान्तरण गर्दै लगिनेछ साथै पूर्ण खोप सुनिश्चितताका लागि "खोज र खोप" को नीतिलाई अवलम्बन गरिनेछ।

१३. प्रसूति सेवाको लागि सञ्चालनमा रहेको बथनाहा स्वास्थ्य चौकीलाई थप व्यवस्थित गरिनेछ साथै भगवतपुर स्वास्थ्य चौकीलाई बर्थिङ्ग सेन्टरको रूपमा विकास गरी प्रसूति सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

१४. धुम्रपान तथा सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि विद्यालय स्तरदेखि समुदायस्तरसम्म सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५. निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्था, क्लिनिक एवम् औषधी पसलहरूको नियमित अनुगमन गरिनेछ।

१६. नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार गर्भ जाँच गराउने गर्भवती महिलाहरूलाई प्रदान गरिँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ।

१७. सूचीकृत स्वास्थ्य संस्थामा प्रसूति गराउने महिलाहरूलाई एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराउनुका साथै पोषण प्रोत्सहन सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै प्रसूति पश्चात् स्वास्थ्यकर्मी परिचालन गरी बच्चा जन्मिएको २४ घण्टा, ३ दिन र ७ दिनमा साथै आवश्यकता अनुसार घरैमा गई आमा र बच्चाको स्वास्थ्य जाँचको व्यवस्था मिलाउने नीतिलाई निरन्तरता दिइनेछ।

१८. आगामी आर्थिक वर्षमा यस गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न चिकित्सकको व्यवस्थापनका साथै आकस्मिक कक्ष भवन निर्माण सम्पन्न गरिनेछ।

## आयुर्वेद सम्बन्धी नीति

१. आयुर्वेद सेवा कार्यक्रमलाई प्राथमिकतामा राखी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२. आयुर्वेद औषधिको प्रयोग तथा योगमा जोड दिइने नीति अवलम्बन गरिनेछ।

३. पालिका अन्तर्गतका अन्य स्थानहरूमा समेत आयुर्वेद औषधालयको सेवा विस्तार गरिनेछ।

## शिक्षा विकास सम्बन्धी नीति

१. यस पालिकाका विद्यालयहरूको शैक्षिक विकास तथा गुणस्तर अभिवृद्धिका लागि नेपालका विभिन्न जिल्लाका नमुना विद्यालय अभ्यासलाई स्थलगत रूपमा अध्ययन तथा अवलोकन गरी

थप प्रभावकारिता स्थापित गर्नका लागि विभिन्न जिल्लाका नमुना विद्यालयहरूको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

२. सामुदायिक विद्यालयका शिक्षकहरूका लागि पठनपाठनलाई गुणस्तरीय बनाउनका लागि थप क्षमता अभिवृद्धि सम्बन्धी तालिम र पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ।

३. जनप्रतिनिधि, विद्यालय व्यवस्थापन पदाधिकारी, प्र .अ. तथा आवश्यकता अनुसार विद्यार्थीहरूसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ।

४. सामुदायिक विद्यालयमा बाल क्लब गठन/सञ्चालन गरी गठन गरिएका बाल क्लबहरूलाई अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि शिक्षा शाखासँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ।

५. आधारभूत तह को अन्तिम परीक्षालाई व्यवस्थित रूपमा सञ्चालन र व्यवस्थापन गरिने नीति लिइनेछ।

६. विद्यार्थीहरूको खेलप्रतिको उत्साहलाई व्यवस्थित गर्दै उनीहरूको अन्तरनिहित क्षमताको विकास गरी अनुशासित नागरिक तयारीका निम्ति स्थानीय तहमा विद्यालय तहस्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगिता व्यवस्थित गरी निरन्तरता दिने नीति अवलम्बन गरिनेछ।

७. विद्यालयका विविध गतिविधि समेटिएको शैक्षिक क्यालेन्डर निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार विद्यालयमा कार्यरत हरेक वेतनभोगी व्यक्तिको न्यूनतम तलब सुविधामा थप गर्ने निर्देशन बमोजिम विद्यालय कर्मचारी, स.का. विद्यालय सहयोगीको थप तलब सुविधाको व्यवस्थालाई निरन्तरता दिइनेछ।

९. यस गाउँपालिकाका सबै विद्यालयहरूको स्थलगत तथा प्रविधिको माध्यमबाट विद्यालयका हरेक गतिविधिको अनुगमन तथा निरीक्षण गरिने व्यवस्था मिलाइनेछ।

१०. प्रधानाध्यापकहरूका लागि शैक्षिक विकास तथा आर्थिक नियमावलीसँग जोडिएका विषयहरूमा क्षमता अभिवृद्धि गर्न तालिम सञ्चालन गरिने नीति लिइनेछ।

११. आवधिक शैक्षिक योजना निर्माण गरी सोही अनुसारको कार्ययोजना तयार गरी सोको आधारमा शिक्षाको गुणस्तर बढाइनेछ।

१२. विद्यालय शिक्षाको जगमा रहेको बालविकास कक्षालाई पूर्ण बालमैत्री कक्षाका रूपमा विकास गरिनेछ र बाल कक्षा शिक्षकहरूका लागि आधारभूत तथा पुनर्ताजगी तालिम प्रदान गरी दक्षता अभिवृद्धि गरिनेछ।

१३. निजी क्षेत्रको लगानीमा खुलेका संस्थागत विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिइनेछ।

१४. अङ्ग्रेजी भाषाको माध्यमबाट गुणस्तरीय पठनपाठन गराउने सामुदायिक विद्यालयहरूलाई जनशक्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ। तर यस्ता सामुदायिक तथा

संस्थागत विद्यालयहरूमा हाम्रा रीतिरिवाज, संस्कृति र परम्पराको सिकाइ हुने सामाजिक शिक्षाका विषयहरूको सिकाइ अनिवार्य रूपमा नेपाली भाषामा गर्ने नीति अवलम्बन गरिनेछ।

१५. प्रचलित ऐन तथा नियमावलीको व्यवस्था तथा आचारसंहिता उल्लङ्घन गर्ने विद्यालय तथा शिक्षकहरूलाई कारवाहीको दायरामा ल्याउने नीति लिइनेछ।

१६. सामुदायिक विद्यालयहरूलाई सूचना प्रविधिको प्रयोगबाट डिजिटल कक्षा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

१७. शिक्षा समितिको नियमित बैठक बसी नवीनतम शैक्षिक गतिविधिहरूलाई अगाडि बढाइनेछ।

१८. विद्यार्थी तथा विद्यालय सुरक्षालाई मध्यनजर गरेर तत्काल आवश्यकताको पहिचान गरी विद्यालय घेराबारा, कक्षा १-५ र कक्षा १-८ चलेका विद्यालयहरूलाई स्मार्ट टी.भी.को माध्यमबाट सिकाइमा सहजता र मनोरञ्जनात्मक सिकाइ प्रदान गर्ने नीति लिइनेछ।

१९. सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातमा तहगत दरबन्दी, विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरी दरबन्दी मिलान गरिनेछ।

२०. विद्यालयहरूको सम्पूर्ण अभिलेख रहने IEMIS तालिम सञ्चालन र IEMIS मा Update गर्न विद्यालयलाई जवाफदेही बनाइनेछ।

२१. महादेवा गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गरिने नीति अवलम्बन गरिनेछ।

२२. शिक्षक अभावको पदपूर्ति गर्न हाल सञ्चालित स्वयम सेवक शिक्षक, कम्प्युटर शिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## युवा तथा खेलकुद सम्बन्धी नीति

१. महादेवा गाउँपालिका खेलकुद विकास समितिमार्फत् आवश्यक कार्यविधि वा कार्यपालिकाबाट तोकिएको मापदण्डका आधारमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२. खेलकुद समितिका माध्यमबाट सबै प्रकारका खेलहरू सञ्चालन हुने व्यवस्था मिलाइनेछ।

३. खेलकुदका क्षेत्रमा युवा, किशोरी, महिला एवम् जुनियर खेलाडीहरूको क्षमता विकासमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४. युवाहरूलाई कुलतबाट हटाउन लागू पदार्थ तथा दुर्व्यसनी न्यूनीकरण जस्ता चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५. गाउँपालिकामा रहेका खेलाडीहरूलाई विभिन्न खेलसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

## संस्कृति सम्बन्धी नीति

१. सनातनदेखि चलिआएका धर्म संस्कृतिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२. स्थानीय भाषा भेषभूषा, चाडपर्व, नाचगान, बाजागाजा आदिको संरक्षण र संवर्द्धन गर्ने नीति लिइनेछ।
३. मातृभाषामा साक्षरताका कक्षाहरू सञ्चालन गरिनेछ।
४. लोपोन्मुख मौलिक कला र संस्कृति संरक्षण एवं पुस्ता हस्तान्तरणको विविध कार्यक्रम सञ्चालन गरिनेछ।
५. पुर्ख्यौली पेशा, उद्योग, कृषि, औजार, कपडा सिलाई, जुत्ता सिलाई आदिलाई आधुनिक उद्योगमा रूपान्तरण गरिनेछ।

## खानेपानी तथा सरसफाई सम्बन्धी नीति

१. महादेवा गाउँपालिका क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई अवलम्बन गरी दिदैं नकुहिने फोहोर पदार्थको सङ्कलन र भण्डारण, बेचविखन गरी आन्तरिक आय वृद्धि गर्न प्रयोग गरिनेछ। गाउँपलिका क्षेत्रलाई प्लास्टिक र धुवाँमुक्त क्षेत्र बनाइनेछ।
२. बाटो, घाटो, नदीनाला, खोला लगायत सार्वजानिक तथा खुल्ला ठाउँमा जथाभावी फोहोर फाल्नेलाई कारवाहीको दायरामा ल्याइनेछ।
३. सार्वजानिक शौचालयलाई व्यवस्थित गर्न प्रोत्साहित गरिनेछ।

## महिला बालबालिका र सामाजिक समावेशीकरण सम्बन्धी नीति

१. हिंसामा पीडित महिला तथा बालबालिकाहरूलाई उद्दार तथा सहायता कार्यक्रम सञ्चालन गरिनेछ।
२. प्रत्येक महिनाको एक दिन अपाङ्ग परिचयपत्र वितरणको लागि गाउँपालिकामा शिविर सञ्चालन गरिनेछ र आवश्यकता अनुसार विभिन्न घुम्ती शिविर सञ्चालन गरिनेछ।
३. ज्येष्ठ नागरिकहरूसँग उनीहरूको ज्ञान, सीप र अनुभवहरूको बारेमा जानकारी लिनको लागि भेटघाट र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
४. सामाजिक योगदानका आधारमा ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।
५. अपाङ्गता भएका व्यक्तिहहरूलाई उनीहरूको आवश्यकता अनुसार दैनिक जीवनयापन सहज गराउनको लागि अपाङ्गता सामाग्री वितरणलाई निरन्तरता दिइनेछ।
६. स्थानीय तहमा लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास , क्षमता अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
७. बालबिवाह अन्त्यका लागि दौतरी शिक्षा, अतिरिक्त क्रियाकलाप , बाल क्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता सम्बन्धी समुदायस्तरमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८. बाल विवाह निरुत्सहित गर्न तालिम तथा प्रशिक्षण दिइनेछ।
९. ज्येष्ठ नागरिक, बालबालिका, अपांगमैत्री संरचना निर्माणमा जोड दिइनेछ।
१०. आदिवासी जनजाति समुदायको आर्थिक, सामाजिक विकास गर्न क्षमता तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।
११. प्रहरीसँगको सहकार्यमा साईबर अपराधको विषयमा लक्षित समूह सूचीकृत कार्यक्रम सञ्चालन गरिनेछ।
१२. गर्भवती र सुत्केरी आमालाई बाध्य पारी शारीरिक र मानसिक चोट पुग्ने गरी काममा लगाउन नपाइने नीति बनाइनेछ। गर्भवती र सुत्केरी आमालाई जोखिममुक्त र पोषणयुक्त बनाउन अभिभावक शिक्षा दिइनेछ।
१३. स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोकसेवा आयोग पूर्व तयारी कक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
१४. निरक्षर महिलाहरूका लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्न छुट्टै नीति बनाइनेछ। जस्तैः अभिभावक शिक्षा, प्रौढ शिक्षा तथा किशोरी शिक्षा
१५. आर्थिक रूपले विपन्न नागरिकहरूको मृत्यु भएमा उपलब्ध गराइने किरिया खर्च कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## लैङ्गिक समानता सम्बन्धी नीति

१. सामाजिक एवम् विकास प्रक्रियामा पछाडि परेका र पारिएका वर्ग, समुदाय र क्षेत्रको विकासका लागि समानुपातिक सहभागिता गराइनेछ।
२. महिला बालबालिका आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपाङ्गता एवम् लैङ्गिक अल्पसंख्यक एवम् विपन्न वर्गको सशक्तिकरण गर्दै लगिनेछ।
३. विकास निर्माण तथा नीति निर्माणमा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, पिछडिएका एवम् विपन्न वर्गको समानुपातिक र अर्थपूर्ण सहभागिता गराइनेछ।
४. महिला, बालबालिका, दलित, आदिवासी जनजाति मानव अधिकारका क्षेत्रमा नेपाल राष्ट्रले अनुमोदन गरेका संयुक्त राष्ट्र संघीय एवम् अन्तर्राष्ट्रियय प्रतिवद्धता एवम् घोषणाको प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
५. लैङ्गिक विभेद अन्त्यका गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
६. बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
७. दलित वर्ग र जनजातिहरूको आर्थिक र सामाजिक सशक्तिकरणको लागि गाउँपालिकाबाट आवश्यक नीति बनाइ लागू गरिनेछ।

# ३. पूर्वाधार विकास सम्बन्धी नीति

**भवन, सडक, पुल, बस्ती. आवास तथा शहरी विकास सम्बन्धी नीति**

१. प्रत्येक वडाको मुख्य बजार क्षेत्र, सार्वजानिक स्थलहरूमा सार्वजानिक शौचालयको निर्माण गर्ने नीति लिइनेछ।

२. गाउँपालिकाभित्र रहेका सडकबाट नयाँ निजी बाटोहरू अनुमति बिना निर्माण गर्न दिइनेछैन। र सो सडकले गर्दा आउने क्षतिको जिम्मेवार समेत निजलाई बनाई रकम असुल उपर गरिनेछ।

३. नाली बाहेक न्यूनतम ४ मिटर चौडाई र पूर्वाधार पुगेको सडकमा मात्र कालो पत्रे गर्न प्राथमिकता दिइनेछ।

४. नक्सा पास नगरी वा नक्सा पास भन्दा फरक गरी निर्माण भइसकेको भवनहरूको अभिलेखीकरण कार्यविधि द्वारा व्यवस्थित गरिनेछ।

५. नयाँ घर बनाउदा अनिवार्य घर नक्सा पासको अनुमति लिएर मात्र बनाउने प्रक्रिया अवलम्बन गर्ने व्यवस्था लागू गरिनेछ।

६. गाउँपालिकास्तरीय र गौरवका आयोजनाहरूलाई सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन, IEE गरेर मात्र योजना अगाडि बढाइनेछ।

७. पूर्वाधार निर्माण गर्दा वातारवरणमैत्री हुने गरी निर्माण गरिनेछ।

८. बस्ती संरक्षण, ढल व्यवस्थापन तथा भूक्षय न्यूनीकरण गर्ने गरी मात्र बजेट विनियोजन र निर्माण कार्य गरिनेछ।

९. गाउँपालिका भित्रका महत्वपूर्ण सडकलाई बाह्रै महिना चल्न सक्ने बनाइनेछ।

१०. जनश्रमदानको योगदान न्यूनतम १० प्रतिशत कायम गरिनेछ।

११. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारीमा स्वच्छ चुल्हो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. विपन्न वर्गका लागि नमुना बस्ती निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

## सूचना प्रविधि सम्बन्धी सम्बन्धी नीति

१. सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरू सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरूमा सञ्चार संस्थाहरूको पहुँच बढाइ खुल्ला सरकारको नीति लिइनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथामिकता दिइनेछ।

३. नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना मैत्री बनाइनेछ।

### न्यायिक नीति

१. न्यायिक समितिले गर्ने कार्य सम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ।

२. न्यायिक समितिको अधिकारक्षेत्र भित्र रहेका विवादहरूको शीघ्र निरूपणको लागि प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति लिइनेछ।

३. न्यायिक समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि तथा विषयगत ज्ञानलाई बढावा दिने नीति लिइनेछ।

४. हालसम्म पारित भएका सबै ऐन, कानुनलाई सङ्कलन गरेर राखी व्यवस्थित गरिनेछ।

५. स्थानीय बसिन्दाको न्याय सम्पादनलाई सहजता प्रदान गर्नका लागि वडा कार्यालयहरूको मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ।

६. न्याय सम्पादन कार्यलाई डिजिटलाइज गर्नका लागि न्यायिक सफ्टवेयर, न्यायिक सूचना डिजिटल बोर्डको व्यवस्था मिलाई डिजिटल जस्टिस सिस्टम तयार गरी लागू गर्ने लक्ष्य लिइनेछ।

७. विपन्न नागरिकको न्यायिक निरूपणमा पहुँच पुऱ्याउन विपन्न नागरिकलाई न्यायिक सहायता गरिने नीति लिइनेछ।

## ४. वन, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति

### विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता सम्बन्धी नीति

१. उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन गरी जोखिमको विश्लेषण तथा न्यूनीकरणको लागि बायो इन्जिनियरिङ्ग विधिको प्रयोग गरिनेछ।

२. विपद् व्यवस्थापन कोष मार्फत् आवश्यकता अनुसार विपद् पूर्व तयारी, विपद् न्यूनीकरण अभिमुखीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

३. भूकम्पीय जोखिम न्यूनीकरणका लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिने नीति लिइनेछ।

४. फोहोर व्यवस्थापनलाई दिगो रूपमा अगाडि बढाउनका लागि स्थायी फोहोर सङ्कलन केन्द्रको व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

५. आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता अभिवृद्धि गरी यस केन्द्रबाट विपद् सम्बन्धी आवश्यक कार्यहरू गरिनेछ।

६. प्राकृतिक एवं मानवीय संकट र प्रकोपबाट पूर्व सुरक्षा व्यवस्थापन र राहत कार्यलाई वैज्ञानिक बनाइनेछ।

७. विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका लागि सचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. स्थानीय विपद् तथा जलवायु अनुकूलन कार्यढाँचा (LDCRF) को कार्यान्वयन गरिनेछ र यसको समीक्षा तथा आवश्यकता अनुसार परिमार्जन गरिनेछ।

९. विपद् बाट हुने क्षतिलाई कम गर्नका लागि विपद् राहत उद्धार सामग्रीहरूको पर्याप्त व्यवस्था गरी नेपाल प्रहरी, स्काउट र रेडक्रस जस्ता निकायहरूलाई उक्त कार्यमा परिचालन गरिनेछ।

१०. विपद् व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

### वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति

१. पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनीकरणका लागि प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) वातारणीय प्रभाव मूल्याङ्कन (**EIA**) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा हैसियत बिग्रिएको जमिनको सुधार गरी जल, जमिन, तथा वातावरणको संरक्षण र जीविकोपार्जन अवसरमा वृद्धि गरिनेछ।

३. पोखरी संरक्षण, विकासका पूर्वाधारको संरक्षण र जल, जमिन र जलाधारको संरक्षण गरिनेछ।

## संस्थागत विकास सुशासन तथा सेवाप्रवाह सम्बन्धी नीति

### मानव संसाधन एवं संस्थागत क्षमता विकास

१. कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन तथा योगदानमा आधारित प्रोत्साहन तथा पुरस्कार उपलब्ध गराइनेछ।

२. गाउँपालिकाका सबै कर्मचारीहरूको दुर्घटना बीमा गर्न प्रयास गरिनेछ।

३. लामो समयदेखि सेवा गरेका कर्मचारलाई दीर्घ सेवा पुरस्कार प्रदान गरिनेछ।

४. गाउँपालिकाको गतिविधिलाई इन्टरनेट, वेबसाइट, एप्लिकेसनको माध्यमबाट निरन्तर अद्यावधिक गरिनेछ।

५. गाउँपालिका स्तरीय, वडा स्तरीय र शाखास्तरीय आयोजनाहरूको कार्यान्यवन गर्नुपूर्व वार्षिक कार्यान्वयन कार्ययोजना बनाइनेछ।

६. सबै गाउँ सभाका सदस्यहरूको उपस्थितिमा अर्धवार्षिक समीक्षा बैठकको आयोजना गरिनेछ।

७. संस्थागत क्षमता विकास, समन्वय, राजश्व परिचालन, आयोजना सम्पन्न समय आदि मापदण्ड बमोजिम उत्कृष्ट वडा घोषणा कार्यक्रम गरी उक्त वडालाई अर्को आ. व. मा थप रकम अनुदान दिने व्यवस्था गरिनेछ।

८. उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कार खराब काम गर्नेलाई दण्डको व्यवस्था गरिनेछ।

## सेवा प्रवाह तथा सुशासन सम्बन्धी नीति

१. सेवा प्रवाहलाई सबै वडामा सूचना तथा प्रविधिमा आवद्ध गरी छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासनमा कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु, लगत विवरण अद्यावधिक गरी कडाइका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्यलाई अगाडि बढाइनेछ।

३. जन प्रतिनिधि तथा कर्मचारीहरूको सीप तथा क्षमताको अभिवृद्धिको लागि आवश्यक तालिम, प्रशिक्षण, गोष्ठी तथा अध्ययन अवलोकन कार्यक्रमलाई परिणाममूखी बनाइनेछ।

४. गाँउपालिका भित्र कार्यरत कर्मचारीलाई उत्कृष्ट कार्य गरे बापत प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

५. महादेवा गाउँपालिका भित्रका नागरिकहरूको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन गर्न सार्वजानिक सुनुवाई कार्यक्रमलाई सञ्चालन गरिनेछ।

६. गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाह गर्दा जनप्रतिनिधि र कर्मचारीहरूले मुस्कानसहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ।

७. आन्तरिक प्रशासनलाई चुस्त, दुरुस्त र व्यवस्थित रूपमा सञ्चालन गरी सेवा प्रवाहलाई नागरिक मैत्री बनाइनेछ। कानुनले तोकेको आचरण पालना नगर्ने र आफूलाई तोकेको जिम्मेवारी पूरा नगर्ने कर्मचारीको मूल्याङ्कनलाई कार्य सम्पादन मुल्याङ्कनसँग आवद्ध गरिनेछ साथै कार्यालय समयको पालना, कर्मचारी पोसाक तथा परिचयपत्र लगाउने व्यवस्थालाई अनिवार्य गरिनेछ।

८. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ।

९. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरूलाई सहजकर्ता तथा विशेषज्ञको रूपमा प्रयोग गर्ने नीतिलाई अवलम्बन गरिनेछ।

१०. सार्वजानिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाइनेछ।

११. गाउँपालिका भरिका प्रत्येक घरको तथ्याङ्क सङ्कलन गरी घर नम्बर उपलब्ध गराइनेछ।

१२. आत्मनिर्भर गाउँपालिकाको सोच अनुरूप बढीभन्दा बढी राजश्व परिचालन गर्न नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी बोध गराउन जोड दिइनेछ।

१३. स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा कानुनहरूको निर्माणको कार्यलाई थप अगाडि बढाइनेछ।

१४. कानुन विज्ञबाट न्यायिक समिति, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरिनेछ।

१५. आफूले तिर्नुपर्ने कर र शुल्क बुझाएपछि मात्र वडा कार्यालय र गाउँपालिकाबाट सेवा प्रवाह प्रदान गरिने नीतिलाई प्राथमिकता दिइनेछ।

१६. व्यक्तिगत उद्यममा लागेका, समयमा कर तिर्ने, विकास निर्माण एवम् अभियानमा सरिक हुने व्यक्तिलाई अनुदान एवं सेवा प्रवाहमा प्राथमिकता दिइनेछ।

१७. गाउँपालिकाको वार्षिक खर्चको समीक्षा गरी मीतव्ययिता अपनाउन विभिन्न विधिको प्रयोग गरिनेछ।

१८. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरूको खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरूको संरक्षण गरिनेछ।

## राजश्व सम्बन्धी नीति

१. सम्पत्ति कर तथा भूमि कर परिमार्जन सहित लागू गरी कर सङ्कलन कार्यलाई प्रभावकारी बनाइनेछ।

२. कर सङ्कलनलाई अभियानको रूपमा सञ्चालन गरी करको दायरामा नआएका एवम् कर छलीमा संलग्न व्यक्तिलाई कारवाहीको दायरामा ल्याइनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरू बीच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।

४. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एव् करदाता मैत्री तुल्याउँदै लगिनेछ।

५. करदाता शिक्षा सञ्चालन गरिनेछ।

६. करका दर र दायरा वैज्ञानिक आधारमा विश्लेषण गरी विस्तार गरिनेछ।

७. राजश्व प्रशासन सूचना प्रविधिमा आधारित बनाई सुदृढीकरण गरिनेछ।

८. राजश्व सुधार कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

९. सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याइनेछ।

१०. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई समयवद्ध तथा वैज्ञानिक बनाइनेछ।

११. गाउँपालिका बासिन्दाहरूलाई स्थायी लेखा नम्बर तथा कर राजश्वसँग सम्बन्धित सेवाहरू गाउँपालिकाको कार्यालयबाट प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

**आदरणीय सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरू , कर्मचारी वर्ग एवम् सरोकारवाला सम्पूर्ण महानुभावहरू,**

महादेवा गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तयारी गर्नका लागि आफ्नो-आफ्नो क्षेत्र तथा तहबाट प्रत्यक्ष परोक्षरूपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, राजनैतिक दलहरू, कर्मचारीहरू, स्वास्थ्यकर्मी, शिक्षक, व्यापारी , बुद्धिजीवी, पत्रकार, सुरक्षाकर्मी, समाजसेवी, युवा क्लब, वित्तीय संस्थाहरू, आमा समूह, कृषकहरू, उद्यमी व्यक्तिहरू, विभिन्न समूह

तथा संघ संस्थाहरू, महादेवा गाउँपालिकालाई माया गर्नेहरू, नैतिक, भौतिक, सामाजिक सेवा भाव निरन्तर राख्नुहुने सहयोगी व्यक्तिहरू, महादेवालाई भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई, लगायत हरेक विधामा सहयोग पुऱ्याई समृद्ध बनाउन तीव्र ईच्छाशक्ति राख्ने स्थायी घर महादेवामा भई कर्मथलो महादेवा भन्दा बाहिर भएर पनि जनप्रतिनिधिलाई निरन्तर रचनात्मक सुझाव सल्लाह तथा आर्थिक सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुक, शुभ चिन्तक, महादेवावासी महानुभाव प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

नीति तथा कार्यक्रम बनाउन सबै क्षेत्रबाट सहयोग पुऱ्याउन सृजनात्मक र विकल्प सहितको सुझाव दिनुहुने र समृद्ध महादेवाको सपना देख्ने तपाईं सबैको निरन्तर सहयोग सद्भाव रहनेछ।

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनले समाज रुपान्तरणमा महत्वपूर्ण परिवर्तनको साथै दिगो विकासको लक्ष्यमा पुग्न सकिनेछ। यस गाउँपालिकालाई उत्कृष्ट , सभ्य र सुन्दर बनाउन हामी सबै पक्ष जिम्मेवार रहेको र तपाईं हाम्रो सपना सफल पार्नको लागि तपाईंहरूको अटुट सहयोग सुझावले हामी सबै एक भई अगाडि बढ्ने दृढ विश्वास व्यक्त गर्दछु। हाम्रा अगाडिका चुनौती, समस्याहरू साझा हुन्। साझा समस्या हल गर्न पनि एकता अपरिहार्य छ। महादेवाबासी सबै पक्ष एकजुट छौं। आगामी दिनमा अझै बलियो एकतामा बाँधिनेछौं भन्ने अपेक्षा प्रकट गर्दै सबै महानुभावहरूलाई हार्दिक धन्यवाद सहित आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम अन्त्य गर्ने अनुमति माग्दछु। जय श्री अंकुरी महादेव। धन्यवाद।